# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ | संख्या १८ | मिति २०७७ श्रावण १६ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सल्ले, काभ्रेपलाञ्चोकको

### सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### जोखिम भत्ता सम्बन्धि कार्यविधि २०७७

**प्रस्तावनाः** यस भुम्लु गाउँपालिकामा कोभिड १९ मा संक्रमण रोगथामका लागी खटिएको कर्मचारी तथा स्वास्थ्य कर्मीलाई थप प्रोत्साहन गर्न भुम्लु गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम भुम्लु गाउँपालिकाले कोभिड १९ संक्रमण रोकथामका लागी खट्टिएका कर्मचारीहरुलाई दिईने जोखिम भत्ता कार्यविधि २०७७ बनाई गाँउपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम भुम्लु गाँउपालिकाको जोखिम भत्ता सम्बन्धि कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐन भन्नाले स्थानीय सरकार ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) गाँउपालिका भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) कार्यपालिका भन्नाले भुम्लु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) कार्यालय भन्नाले गाउँपालिका तथा यस मातहतमा संचालन हुने वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्दछ ।

(ङ) जोखिम भत्ता भन्नाले कोभिड १९ को संक्रमण रोगथामका लागी खटिएका कर्मचारीलाई दिइने जोखिम भत्ता सम्बन्धी कार्यविधि २०७७ सम्झनु पर्दछ ।

## परिच्छेद -२

## जोखिम भत्ता सम्बन्धि मापदण्ड

३. भुम्लु गाउँपालिकाले प्रदान गर्ने जोखिम भत्ता मापदण्ड देहाय बमोजिम हुनेछ ।

(१) **जोखिम भत्ता पाँउने कार्मचारीः** कोभिड १९ को सक्रमण रोगथामका लागी खटिएका गाउँपालिकाको कर्मचारी, स्वास्थ्यकर्मी, एम्वुलेन्स चालक, हेल्पडेस्क, क्वारन्टाईन इत्यादिमा खटिएका कर्मचारीहरुलाई जोखिम भत्ता रकम उपलब्ध गराईने छ ।

(२) **जोखिम भत्ता पाँउने विधिः** कोभिड १९ को सक्रमण रोगथामका लागि गाउँपालिकाले खटाएका कर्मचारीलाई नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको समयमा कार्य क्षेत्रमा खटिएको कर्मचारीहरुको प्रमुख प्रशासकिय अधिकृतले प्रमाणित गरेको हाजिरी विवरणको आधारमा जोखिम भत्ता रकम उपलब्ध गराइनेछ ।

(३) **जोखिम भत्ता रकमः** कोभिड १९ को सक्रमण रोगथामका लागि तपशिल बमोजिमका कर्मचारीहरुलाई जोखिमको मात्रा हेरी न्यूनतम तलव स्केलको ७० देखि १०० प्रतिशत जोखिम भत्ता उपलब्ध गराइने छ ।

क) स्वास्थ्यकर्मी

ख) एम्वुलेन्स चालक

ग) स्थलगत रुपमा खटिएका प्राविधिक कर्मचारी

घ) प्रशासनिक कर्मचारीहरु

ङ) जोखिम क्षेत्र तथा अवधिमा खटिएका अन्य कर्मचारी

४. **कार्यविधिको संसोधनः** यो कार्यविधि कार्यपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सकिन छ ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**